भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४१औं बैठकका निर्णयहरु
मिति २०८२/०१/१३

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

## नगर कार्यपालिकाको ४१औं बैठकका प्रस्तावहरु

१) दुजियाङयान शहरसँगको भगिनी सम्वन्धका लागि मैत्रीपूर्ण सम्झौता सम्वन्धमा
२) आगामी आ.व. २०८२/०८३ को योजना तर्जुमा सम्वन्धमा
३) चरिकोट ढल आयोजनाको हालसम्मको प्रगतिको जानकारी तथा भुक्तानी सम्वन्धमा
४) खानेपानी समिति/संस्था एकीकरण सम्वन्धमा
५) अति अशक्त तथा असाहय भत्ता वितरण सम्वन्धमा
६) सडक आश्रित बालबालिका मुक्त स्थानीय तह घोषणा सम्वन्धमा
७) जिलु एकिकृत वस्तीको योजना निर्माण गर्न परामर्श सेवा खरिद सम्वन्धमा
८) सेवा सन्तुष्टि मापन कार्यक्रम अध्ययन सम्वन्धमा
९) गत आ.व. २०८०/०८१ को वार्षिक सार्वजनिक सुनुवाईको मिति र सहजकर्ता छनौट सम्वन्धमा
१०) विषयगत समितिले गरेको निर्णय सम्वन्धमा
११) कृषि तथा पशु सेवाका प्राविधिकहरुलाई वडामा खटाउने सम्वन्धमा
१२) स्वास्थ्य संस्थामा कार्यरत रिक्त स्थायी दरवन्दीमा पदपूर्ति गर्ने सम्वन्धमा
१३) नगर शिक्षा समिति सम्वन्धमा
१४) विविध :
क) सेवा पश्चातको सुविधा सम्वन्धमा (मेनुका बुढाथोकी)
ख) २ नं वडाको सोलार मर्मतको भुक्तानी सम्वन्धमा
ग) ५ नं. वडा नव निर्मित कार्यालयमा फर्निसिंग तथा सेवा सन्चालन सम्वन्धमा
घ) सिमपानी वन उ.स.सँग भएको सम्झौता कार्यान्वयन सम्वन्धमा
ङ) मछिन्द्र जात्राको फोटो प्रदर्शनी कार्यक्रमको खाजा खर्च भुक्तानी सम्वन्धमा
च) मनसुनजन्य प्रकोपबाट प्रभावित निजी घरहरुको संरक्षण कार्यका लागि बजेट तथा भुक्तानी सम्वन्धमा
छ) अग्नि रेखा काट्ने सम्वन्धमा
ज) सोक्ला रक क्लाईम्बिंग कार्यक्रम सन्चालन सम्वन्धमा
झ) अनुमोदन सम्वन्धमा

प्रमुख प्रशासकीय अधिकृत

शेरबहादुर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल २०७३

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको ४१औं बैठकका निर्णयहरु

मिति २०८२/०१/१३

निर्णय नं १ : मित्रराष्ट्र चीनको सिचुवान प्रान्तस्थित छेन्दुको आयोजनामा मिति २०८२ बैशाख १ गतेदेखि ५ (14th-18th, April, 2025) गतेसम्सम सन्चालन भएको Friendship Cooperation City Relation अन्तराष्ट्रिय सम्मेलनमा यस नगरपालिकाको नगर प्रमुख ईश्वर नारायण मानन्धरको नेतृत्वमा सहभागि भई छेन्दुस्थित दुजीयाङयान शहरसँग भगिनी सम्वन्धको लागि दुईपक्षीय समझदारी पत्र (MoU) मा हस्ताक्षर सम्पन्न भएको छ। समझदारी पत्रमा दुजीयाङयान शहरको तर्फबाट हस्ताक्षर गर्नु भएकोमा र उक्त प्रक्रिया सम्मका लागि समन्वय गरिदिने महावाणिज्य दुतावासलाई धन्यवाद दिने निर्णय गरियो। समझदारी पत्र (MoU) अनुसार नगरपालिकाको संस्कृति, पर्यटन, कृषि, शिक्षा, आर्थिक विकास तथा उद्यम विकास सम्वन्धी आदानप्रदान गरी स्थानीय सरकारहरु बीच भगिनी सम्वन्धलाई मजबुत बनाउने निर्णय गरियो।

निर्णय नं. २: यस नगरपालिकाको आ.व. २०८२/०८३ को योजना तर्जुमाको लागि तपसिल बमोजिमको तालिका स्वीकृत गर्ने निर्णय गरियो।

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८२ बैशाख १५ गते | राजस्व परामर्श समितिको बैठक | |
| २०८२ बैशाख २१ गते | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक | |
| २०८२ बैशाख २५ गते देखि जेठ ५ गतेसम्म | वडास्तरीय योजना तर्जुमा बैठकहरु | |
| २०८२ जेठ १२ गतेदेखि १६गते सम्म | विषयगत समितिहरुको बैठक | |
| २०८२ जेठ २५ गतेदेखि २९गते सम्म | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | |
| २०८२ असार ५गते | नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत | |
| २०८२ असार ८ गते | (नगर सभा ) वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत तथा पारित | |
| २०८२ असार १० गते | (नगर सभा ) वार्षिक बजेट प्रस्तुत | |

निर्णय नं. ३ : यस नगरपालिका क्षेत्रमा संचालनमा रहेको चरिकोट ढल आयोजनाको हालसम्म भएको आर्थिक तथा भौतिक प्रगतिको समीक्षा गर्दै उक्त आयोजनाको तर्फबाट पेश गरेको १४ औं रनिंग बिलको यस अघि भएको भुक्तानीलाई समर्थन गर्ने र बाँकी रकम सि नं. २३३ र २३६ को ठेक्काबाट बचत हुन आउने रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : चरिकोट खानेपानी तथा सरसफाई समिति र चरिकोट खानेपानी तथा सरसफाई संस्थालाई लेखापरीक्षण प्रतिवेदन, कर्मचारीको विवरण तथा साधारण सभा गरेको जानकारी यथासिघ्र उपलव्ध गराउन पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. ५ : भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८१/०८२ को सि.नं. १६० को क वर्गको पूर्ण अपाङ्गता हेरालु सहयोग कार्यक्रममा विनियोजित रु ६,००,०००/- (छ लाख) र सि.नं. १६१ को ग वर्गको अति अशक्तता अपाङ्गता

सहयोग कार्यक्रममा विनियोजित रु ६,००,०००/- बजेटबाट यस नगरपालिका क्षेत्रभित्रका अति अशक्तता अपाङ्गता भएका व्यक्तिहरु तथा पूर्ण अपाङ्गता हेरालु व्यक्तिहरुलाई जनही वार्षिक ६,०००/- (छ हजार) र १२,०००/- (बाह हजार) का दरले उपलब्ध गराउन बैंकिंग प्राणालीबाट सेवा दिन कठिनाई भएकोले सम्वन्धित व्यक्तिको घरदैलोमा गई नगदै रकम उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६:** बागमती प्रदेश सरकारको चालु आ.व. ०८१/८२ को नीति तथा कार्यक्रम बमोजिम बागमती प्रदेश सरकारले २०८२/०२/१५ गतेभित्र सडक बालबालिका मुक्त प्रदेश घोषणा गर्ने कार्यक्रम रहेको सन्दर्भमा यस नगरपालिका क्षेत्रलाई सडक आश्रित बालबालिका मुक्त घोषणा गरी पठाउन आवश्यक तयारी समेत गर्न यस नगरपालिकाबाट बालबालिका हेर्ने अधिकृत श्री मंगला मानन्धरलाई फोकल पर्सन तोक्ने निर्णय गरियो।

**निर्णय नं. ७ :** भीमेश्वर नगरपालिका वडा नं. ४ स्थित डिही फसि भै एकिकृत वस्तीको योजना निर्माणका लागि विनियोजित बजेट तपसिल बमोजिम बिभाजन गर्ने निर्णय गरियो।

क) फिल्ड कार्य सर्भेक्षण कार्य - रु २,२५,०००/-

ख) गुरु योजना तयारी लगायतका कार्य - रु ,४७५,०००/-

**निर्णय नं. ८ :** यस नगरपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत सेवा सन्तुष्टि मापन कार्यक्रममा विनियोजित बजेट न्युन रहेकोले उक्त विनियोजित बजेटबाट सुशासन तथा संस्थागत विकास समितिका पदाधिकारीहरुलाई सेवा सन्तुष्टि मापन कार्यक्रम सन्चालन भईरहेको नगरपालिकाको अध्ययन भ्रमणमा पठाउने र आगामी वर्षबाट सेवा सन्तुष्टि मापन कार्यक्रम सन्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ :** यस नगरपालिकाको चालु आ.व. २०८१/०८२ को हालसम्मको सार्वजनिक सुनुवाई कार्यक्रम, २०८२ साल जेठ २ गते भीमेश्वर नगरपालिकामा स्थानमा सन्चालन गर्ने र आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने तथा सो कार्यका लागि एक जना सहजकर्ता छनौट गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १० :** यस नगरपालिका अन्तर्गत रहेका विभिन्न विषयगत समितिको काम कारवाहीलाई थप प्रभावकारी बनाउन उल्लेखित समितिले गरेका निर्णयहरु कार्यपालिकामा अनुमोदन गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं .११ :** यस नगरपालिकाको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशु सेवालाई थप व्यवस्थित गरी नागरिकहरुमा सेवाको सन्तुष्टि समेत प्रदान गर्न कृषि तथा पशु सेवाका कर्मचारीलाई देहाय बमोजिम कार्य बिभाजन गर्ने निर्णय गरियो।

कृषि शाखा

| क्र.स. | नाम, थर | पद | जिम्मेवारी | हाजिर हुने स्थान |
|---|---|---|---|---|
| १ | शान्ती आचार्य | कृषि विकास अधिकृत | नया कार्यालय/वडा नं. ३ | नपा कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| २ | राधिका बुढाथोकी | सहायक कृषि विकास अधिकृत | वडा नं. ५ र ६ | वडा नं. ५ र ६ |
| ३ | विष्णु प्रसाद चौलागाईं | प्राविधिक सहायक | वडा नं. ४ र ९ | वडा नं. ४ र ९ |
| ४ | मनुका घिमिरे | प्राविधिक सहायक | वडा नं. १ र २ | वडा नं. १ र २ |
| ५ | रीतु बराइली | कृषि स्नातक | वडा नं. ७ र ८ | वडा नं. ७ र ८ |

पशु सेवा शाखा

| क्र.स. | नाम, थर | पद | जिम्मेवारी | हाजिर हुने स्थान |
|---|---|---|---|---|
| १ | डा. निशान दाहाल | पशु विकास अधिकृत | कार्यालय/वडा नं. ३ | नपा कार्यालय |
| २ | रमला घिसिंग | सहायक पशु विकास अधिकृत | वडा नं. १ र ४ | वडा नं. १ र ४ |
| ३ | नवराज दाहाल | नायव प्राविधिक सहायक | वडा नं. ५, ८ र ९ | वडा नं. ५, ८ र ९ |
| ४ | शंकर प्रसाद पाठक | प्राविधिक सहायक | वडा नं. २, ६ र ७ | वडा नं. २, ६ र ७ |

**निर्णय नं.१२ :** नेपाल सरकारबाट प्राप्त स्वास्थ्य चौकी तर्फको स्थायी स्वीकृत दरवन्दी रहेका (चौथो तह) अहेव र अनमीका रिक्त दरवन्दीमा पदपूर्तिका लागि बागमती प्रदेश लोक सेवा आयोगमा माग गरिएकोमा कानूनी समस्याको कारण हालसम्म पदपूर्ति हुन नसकेको हुँदा अर्को व्यवस्था भएमा स्वतः हट्ने गरी अहेव ३ जना (वडा नं. १, ८ र ९) र अनमी २ जना (वडा नं. १ र ९) सङ्घीय सशर्त अनुदानबाट तलव भुक्तानी हुने गरी र शहरी स्वास्थ्य केन्द्र, किरातीछापका लागि १ जना अहेव आन्तरिक स्रोतबाट भुक्तानी हुनेगरी पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** नगर शिक्षा समितिलाई एक हसाभित्र पूर्णता दिई यस अघि गठित कार्यदलबाट प्राप्त प्रतिवेदन अध्ययन गरी नगर क्षेत्र भित्र रहेका सबै विद्यालयहरुका शिक्षा सम्वन्धी दरवन्दी मिलान, राहत र विषयगत शिक्षकहरुको व्यवस्थापन गर्न नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१४ (क) :** यस नगरपालिका अन्तर्गत शहरी स्वास्थ्य केन्द्र, किरातीछापमा अहेव पदमा करार सेवामा कार्यरत मेनुका बुढाथोकीले आफ्नो घरायसी कारण देखाई दिएको राजिनामा मिति २०८१/१२/२५ मा स्वीकृत भएकोले करार सेवाका कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी ऐन, २०८० बमोजिम रु ५२,०००/- (बाउन्न हजार) उपलब्ध गराउने निर्णय गरियो।

ख) भीमेश्वर नगरपालिका क्षेत्र भित्र जडान भएका चालु अवस्थामा नभएका सोलार बत्तीहरु मर्मत गर्न लागत अनुमान तयार गरी मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४१औं बैठकका निर्णयहरु
मिति २०८२/०१/१३

ग) यस नगरपालिका वडा नं. ५ को भवन निर्माण कार्य सम्पन्न भईसकेकोले उक्त नवनिर्मित भवनबाट सेवा प्रवाह सन्चालन गर्न आवश्यक फर्निचर/फर्निसिंग कार्यका लागि नियमानुसार आवश्यक सामाग्री खरिद गर्ने निर्णय गरियो।

घ) भीमेश्वर नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि निर्माण भएको सरसफाई केन्द्र क्षेत्रमा प्रभावित समुदाय/सिमपानी वन उपभोक्ता समुहका सदस्य कृष्ण कुमारी न्यौपानेको क्यान्सर उपचार वापत रु २,००,०००/- सि.नं. २७६ बाट भुक्तानी गर्ने निर्णय गरियो।

ङ) भीमेश्वर नगरपालिका वडा नं. २ स्थित ऐतिहासिक दोलखा बजारमा २०८२ साल बैशाख ३ गते सन्चालन भएको पाटनको मछिन्द्रनाथको फोटो प्रदर्शनी कार्यक्रममा खाजा वापतको बिल बमोजिमको रकम रु ३०,०००/- सि.नं. ५६ बाट खर्च लेख्ने निर्णय गरियो।

च) गत वर्षातको समयमा परेको अविरल वर्षाका कारण मनसुनजन्य प्रकोपबाट प्रभावित निजी घरहरुको संरक्षण कार्यका लागि देहाय बमोजिमका लाभग्राहीहरुलाई तपसिलका रकम भुक्तानी गर्ने निर्णय गरियो

| क्र.स. | नाम, थर | वडा नं. | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | हिरा बहादुर श्रेष्ठ | ५ | ४५०००/- | |
| २ | जगत बहादुर तामांग | ८ | ५०,०००/- | |
| ३ | पुस्कर चौलागाईं | ४ | ४५,०००/- | |
| ४ | फत्तविर थामी | २ | ४०,०००/- | |
| ५ | अमृत बहादुर श्रेष्ठ | २ | ४०,०००/- | |
| ६ | राम बहादुर थामी | २ | २०,०००/- | |
| ७ | रुपेश श्रेष्ठ | ५ | १,००,०००/- | |
| ८ | हिरा बहादुर श्रेष्ठ | ५ | ५०,०००/- | |
| ९ | भीमसेन श्रेष्ठ | ५ | ५०,०००/- | |
| १० | कुल बहादुर थामी | १ | २०,०००/- | |
| ११ | सागर थामी | १ | १५,०००/- | |
| १२ | खड्ग बहादुर विश्वकर्मा | १ | २०,०००/- | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४१औं बैठकका निर्णयहरु
मिति २०८२/०१/१३

**छ)** भीमेश्वर नगरपालिका वडा नं. २ स्थित तिखातल सामुदायिक वनको आयोजनामा अग्निरेखा काट्ने कार्य सम्पन्न भएकोले उक्त कार्य गर्दा खाजा खर्च वापत १५,०००/- सि.नं. ३२७ बाट खर्च लेख्ने निर्णय गरियो।

ज) सोक्ला रक क्लाइम्बिङ कार्यक्रम संचालनका रु १,५०,०००/- खर्च लेख्ने निर्णय गरियो।

**झ)** तपसिलका वडाहरुबाट रकमान्तर/शीर्षकान्तर गरी कार्यान्वायन भएका आयोजना/कार्यक्रम आगामी नगरसभाबाट स्वीकृत गराउने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

| क.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ४९६ | वडाको वृतचित्र निर्माण कार्यक्रम वडा नं. ७ | १,५०,०००/- | शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन तथ खरिद | १,००,०००/- |
| | | | | दामुना सडक निर्माण | ५०,०००/- |
| २ | ४९८ | शैक्षिक सुधार कार्यक्रम, वडा नं. ७ | ९,००,०००/- | वडा मेसिनरी सामाग्री खरिद कार्यक्रम | ६,५०,०००/- |
| ३ | ४९४ | दलित लक्षित कार्यक्रम, वडा नं. ७ | ४,००,०००/- | मानेटार मन्दिर निर्माण | ४,००,०००/- |
| ४ | ४९४ | वडास्तरीय खानेपानी कार्यक्रम, वडा नं. ४ | ५,००,०००/- | विपद व्यवस्थापन | २०,०००/- |
| | | | | हाते ट्याक्टर/ईन्जिन खरिद | १,००,०००/- |
| ५ | ५२९ | युवा तथा खेलकुद कार्यक्रम, वडा नं. ८ | ३,००,०००/- | देवी मावि बाल कक्षा व्यवस्थापन | ८०,०००/- |
| ६ | ५२१ | पाठशाला टोल पण्डित टोल गोरेटो बाटो | ३,५०,०००/- | वडा मेसिनरी सामाग्री खरिद कार्यक्रम | ५५,०००/- |
| ७ | ४६७ | पाँच रोपनी भन्दा बढी बाँझो जग्गा खेती बनाउने किसानलाई प्रोत्साहन कार्यक्रम , भीनपा ६ | १,००,०००/- | क) पाईप खरिद | ४०,०००/- |
| | | | | ख) सडक मर्मत तथा नाला सफाई | ६०,०००/- |
| ८ | ३११९२ | सामुदायिक भवन निर्माण वडा ५ | ५,००,०००/- | विपद व्यवस्थापन (निर्माण) | ३,०५०००/- |
| | | | | विपद व्यवस्थापन त्रिपाल खरिद) | ५०,०००/- |
| | | | | वडा कार्यालय कम्प्युटर, फोटोकपि मेसिन, साउण्ड सिस्टम, सिसि क्यामरा, खरिद | |
| ९ | ३११९२ | टोल बत्ती मर्मत तथा व्यवस्थापन | १,००,०००/- | सडक बत्ती खरिद | १,००,०००/ |